आज मिति २०७८ साल फाल्गुण २४ गते मंगलबारका दिन विहान ८:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री बिदुर हुँमागाईंज्यूको अध्यक्षतामा बसेको ६७ औं गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा पेश भएका उल्लेखित प्रस्तावहरु उपर छलफल गरी तपसिल वमोजिमनिर्णय गरियो ।

| सि.नं. | उपस्थिती | कार्यपालिकामा पदाधिकार पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बिदुर हुँमागाईं, अध्यक्ष | अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | सदस्य | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री बखान सिं पाख्रिन, २ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री जित बहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री सुर्य वहादुर रुम्बा, ७ नं. वडा अध्यक्ष | सदस्य | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | सदस्य | चिनी |
| १४ | श्री वुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | सदस्य | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य | निर्मला |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | सदस्य-सचिव | |

१८. प्रतिमान रुम्बा . . . .

Scanned with CamScanner

६७ औं गाउँ कार्यपालिकाको बैठकका प्रस्तावहरु मिति: २०७८ फाल्गुण २४ गते मंगलबार

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका निर्णय एवं योजनाहरुको समिक्षा ।
२. मकवानपुरगढी गाउँपालिकाको बालबालिकाको स्थिति पतिवेदन-२०७८ पारीत सम्बन्धमा ।
३. घोषणपश्चात दिगो कार्यान्वयनका लागि पञ्चवर्षीय योजना पारीत सम्बन्धमा ।
४. बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अनुमति सम्वन्धमा ।
५. बालमैत्री स्थानीय शासन युक्त मकवानपुरगढी गाउँपालिका घोषणा सम्वन्धमा ।
६. प्रागारीक कृषि उत्पादन प्रमाणिकरण सम्वन्धि मापदण्ड, २०७८ पारीत सम्बन्धमा ।
७. सहकारी संस्थामार्फत दूध उत्पादकलाई प्रति लिटर दूधमा रु. १ अनुदान सम्वन्धमा ।
८. दूग्ध उत्पादक किसान सञ्चित कोष तथा उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन सम्वन्धमा ।
९. मासु उत्पादन अनुदान कार्यविधि, २०७८ सम्वन्धमा ।
१०. योजना अनुमोदन सम्बन्धमा ।
११. विद्यालयका अपुग भौतिक संरचना निर्माण सम्वन्धमा ।
१२. विविध

निर्णयहरु:-

**१. अघिल्लो कार्यपालिका निर्णय एवं योजना समिक्षा ।**

यस गाउँपालिको चालु आर्थिक वर्षको योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि भएका कार्यपालिकाको निर्णयहरु तथा गाउँपालिकास्तरीय तथा वडास्तरीय योजनाहरुको कार्यान्वयनको सम्बन्धमा आवश्यक समिक्षा गरियो । ४ सय ५० भन्दा अधिक संख्यामा योजनाहरु सम्झौता भइसकेको सन्दर्भमा सम्बन्धित टोल विकास संस्था, वडा समिति, उपभोक्ता समिति, कर्मचारीहरु मार्फत ती योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्ने तर्फ जोड गर्ने निर्णय गरियो ।

**२. मकवानपुरगढी गाउँपालिकाको बालबालिकाको स्थिति प्रतिवेदन-२०७८ पारीत सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रियाका ५ चरणमध्ये २८ वटा तहगत खुड्किला र ५१ वटा सूचकहरुमा ३८ वटा सूचक १०० प्रतिशत, १३ वटा सूचक न्युनतम ८० देखि ९५ प्रतिशत पूरा गर्ने क्षेत्रलाई बालमैत्री क्षेत्र घोषणा गर्न सकिने व्यवस्था अनुरुप हाल २०७८ फाल्गुण १८ गते अन्तिम सूचक मापन गर्दा ४० वटा सूचक १०० प्रतिशत रहेको र बाँकी ११ वटा सूचक ९९ दशमलव ७५ प्रतिशत सम्म हाँसिल भएकोले सोही तथ्याकंका आधारमा सूचकहरुको लक्ष्य हाँसिल भएको विवरणसहितको कार्यपालिकामा पेश भएको प्रतिवेदन "मकवानपुरगढी गाउँपालिकाको बालबालिकाको स्थिती प्रतिवेदन-२०७८" सर्वसम्मतरुपमा पारीत गर्ने निर्णय गरियो ।

**३. घोषणपश्चात दिगो कार्यान्वयनका लागि पञ्चवर्षीय योजना पारीत सम्बन्धमा ।**

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

अन्तराष्ट्रिय बालअधिकार महासन्धिमा सन् १९८९ नोभेम्बर २० तारिकमा नेपालले हस्ताक्षर गरी बालअधिकारका ४ पक्षहरु बालबचाउको अधिकार, बालसंरक्षणको अधिकार, बालविकासको अधिकार, बालसहभागिताको अधिकार संरक्षणमा विशेष जोड दिई बालबालिकाको हकहितका लागि बनेको संवैधानिक व्यवस्था, ऐन,, नीति, निर्देशिका, कार्यविधिको अक्षरश: पालना गराउने उद्धेश्यले यस गाउँपालिकाका ८ वटै वडाहरुमा आगामी ५ वर्षका लागि बालमैत्री स्थानीय शासन दिगोपनाका लागि तयार भई कार्यपालिका समक्ष पेश भएको "बालमैत्री गाउँपालिका घोषणा पश्चात दिगोपनाका लागि ५ वर्षीय रणनीतिक योजना २०७८-०८३" सर्वसम्मत रुपमा पारीत गर्ने निर्णय गरियो ।

**४. बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अनुमति सम्बन्धमा ।**

"बालमैत्री स्थानीय शासन, मकवानपुरगढी गाउँपालिकाको मूख्य अभियान" भन्ने मूल नाराका साथ आर्थिक वर्ष २०७५/०७६ देखिनै बजेट विनियोजन गरी बालबालिकाको हक हित अधिकार संरक्षणमा काम गरिरहेको सन्दर्भमा गएको मिति २०७७ माघ १९ र २० गतेको कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाको जनप्रतिनिधि, राजनीतिक दल, बालबालिका, सेवाप्रदायक, विषयगत शाखा, संघसंस्था, विद्यालय, सुरक्षा निकाय, लगायत विभिन्न सरोकारवालाहरुको सहभागितामा यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने सामुहिक प्रतिवद्धता अनुरुप विभिन्न सामाजिक अभियानमुलक कार्यक्रममार्फत ५१ वटा सूचकहरुमा काम गर्दा यहि मिति २०७८ फाल्गुण १८ गते बालबालिकाको स्थिती प्रतिवेदन तयार गर्ने चरणमा सबै सूचकहरुमा तोकिएको प्रतिशत पूरा भएको पाइएकोले सबै वडालाई वडा बालमैत्री घोषणा गर्नका लागि अनुमति प्रदान गर्ने निर्णय सर्वसम्मतरुपमा गरियो ।

**५. बालमैत्री स्थानीय शासन युक्त मकवानपुरगढी गाउँपालिका घोषणा सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकाको बालबालिकाको स्थिति प्रतिवेदन २०७८ अनुसार ५१ वटा सूचकहरु मध्ये ४० वटा सूचकमा १०० प्रतिशत रहेको र बाँकी ११ वटा सूचक ९९ दशमलव ७५ प्रतिशत नतिजा प्राप्त भई सबै सूचकमा तोकिएको प्रतिशत पूरा भएको साथै वडाहरुले पनि सबै सूचकमा तोकिएको प्रतिशत हाँसिल गरेको पाइएकोले यस गाउँपालिकालाई यहि मिति २०७८ चैत्र १२ गते भव्य समारोह आयोजना गरी बालमैत्री स्थानीय तह घोषणा गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**६. प्रागारीक कृषि उत्पादन प्रमाणिकरण सम्बन्धि मापदण्ड, २०७८ पारीत सम्बन्धमा ।**

आन्तरिक एवं वाह्य बजारमा प्रागारीक खाद्य वस्तु एवं अन्य कृषि तथा पशूजन्य उपजहरुको माग दिनानुदिन बढ्दै गइरहेको र यस गाउँपालिकाका अधिकाशं जनता कृषि पेशामा निर्भर रहेको गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार सिंगो गाउँपालिकालाई क्रमश: प्रागांरिक कृषि तर्फ कृषकहरुलाई उन्मुख गराउँदै लैजाने उल्लेख भएकोमा प्रांगारीक कृषि उत्पादन तथा प्रशोधनबाट कृषकहरुको आयआर्जनमा वृद्धि गर्ने माध्यम हुनुका साथै परम्परागत ज्ञान सिप र कलाको संरक्षण कृषि उत्पादकत्व तथा जमिनको उर्वराशक्तिमा वृद्धि, उत्पादन प्रक्रियामा पुन:प्रयोग हुने प्रविधिको

विदुर हुमागाई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

प्रवर्द्धन, माटो/जल सम्पदाको दिगो स्वस्थकर उपयोगमा प्रोत्साहन साथै जैविक विविधताको संरक्षण गर्न उपयुक्त देखि कार्यपालिकामा पेश भएको प्रागारीक कृषि उत्पादन प्रमाणिकरण सम्बन्धि मापदण्ड, २०७८ पारीत गर्ने निर्णय सर्वसम्मतीमा गरीयो ।

**७. मासु उत्पादन अनुदान कार्यविधि, २०७८ सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकालाई मासु उत्पादनमा आत्मनिर्भर बनाउन, कृषकलाई पशूपालन व्यवसायमा अग्रसर गराई स्वरोजगारी प्रवर्द्धन गर्न कृषकलाई सहकारीमार्फत मासु उत्पादन अनुदान दिई पशू पालन व्यवसाय विस्तार गर्ने उद्धेश्यका चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम सहकारी मार्फत मासुजन्य खरिद विक्रि प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनार्थ कार्यपालिका समक्ष पेश भएको **सहकारी मार्फत मासुजन्य खरिद बिक्रि प्रोत्साहन कार्यक्रम अनुदान कार्यविधि, २०७८** पारीत गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**८. सहकारी संस्थामार्फत दूध उत्पादकलाई प्रति लिटर दूधमा रु. १ अनुदान सम्बन्धमा ।**

चालु आर्थिक वर्षका लागि विनियोजीत बजेटबाट दूध उत्पादनमा प्रोत्साहन गर्न गाउँपालिकाको दूध उत्पादन कार्यविधि, २०७६ अनुसार दूध सूचना आव्हान गरी पुन: सहकारी संस्थामार्फत दूध उत्पादक किसानलाई प्रति दूधमा रु. १ अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**९. दूध उत्पादक किसान सञ्चित कोष तथा उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

गाउँपालिका, सहकारी तथा दूध उत्पादक किसानसँगको त्रिपक्षीय साझेदारीमा गाउँपालिकाबाट प्रति लिटर दूध रु. ५० पैसा, सहकारीबाट ५० पैसा र दूध उत्पादक किसानबाट रु. ५० पैसाका दरले सम्बन्धित किसानको खातामा ५ वर्षे मुद्धती कोष खडा गरी सञ्चित कोषको मोडालिटीमा दूध उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**१०. योजना अनुमोदन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आर्थिक वर्षमा कार्यान्वयन गर्ने तपसिल बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | योजनाको नाम | अनुमोदन गर्ने वजेट रकम |
|---|---|---|
| १ | रक्त संचार केन्द्र मकवानपुरको स्तरोन्नति | ५ लाख |
| २ | ग्रामिण जीवनस्तर सुधार मंच | २ लाख |
| ३ | मकवानपुरगढी गाउपलिकाको ५ वर्षे उपलब्धि सम्बन्धि फिचर लेखन | २ लाख ५० हजार |
| ४ | ५ वर्षे विकास उपलब्धि वृत्तचित्र | ३ लाख ५० हजार |

विदुर हुमागाई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

**११. विद्यालयका अपुग भौतिक संरचना निर्माण सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकाको विभिन्न विद्यालयहरुमा बालमैत्री संरचना निर्माणका लागि तपसिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | विद्यालयको नाम | वडा नं. | कार्यान्वयन गर्नुपर्ने संरचनात्मक सुधार | बजेट विनियोजन |
|---|---|---|---|---|
| १ | श्री रत्नदेवी प्रा.वि | १ | भुंइखाट | ४५ हजार |
| २ | श्री ज्वालादेवि आ.वि. | ४ | शौचालय मर्मत | २५ हजार |
| ३ | श्री जालपादेवि मा.वि. | ६ | भुंइखाट र बालमैत्री धारा | ६० हजार |
| ४ | श्री प्रतिभा प्रा.वि. | ४ | शौचालय नै नभएको | ६० हजार |
| ५ | चण्डिका मा.वि. | २ | इ.सि.डी व्यवस्थापन | २० हजार |
| ६ | श्री बागेश्वरी प्रा.वि. | ८ | घेराबारा, भुईंखाट र धाराको आवश्यक | १ लाख |
| ७ | श्री इश्वरी प्रा.वि. | ६ | घेराबारा | १ लाख ५० हजार |
| ८ | श्री जिम्मर प्रा.वि. | ७ | घेराबारा र भुइंखाट | १ लाख ५० हजार |
| ९ | श्री कालीदेवि प्रावि | ६ | घेराबारा | १ लाख |
| १० | श्री सरस्वती आवि | ३ | भुईखाट | ४५ हजार |
| ११ | श्री गिताधर्म आवि | ७ | भुंईखाट | ४५ हजार |
| १२ | श्री लेनडाँडा प्रावि | २ | भुइँखाट | ४५ हजार |
| १३ | श्रीगौरीशंकर महादेव प्रावि | ७ | घेराबारा | १ लाख |
| १४ | श्री जनजागृती प्रावि, हात्तिआहाल | ७ | घेराबारा, शौचालय | १ लाख ५० हजार |
| १५ | श्री बागेश्वरी प्रावि | ७ | बालमैत्री धारा र घेराबारा | १ लाख |
| १६ | श्री ऋषेश्वर प्रावि | ८ | भुंइखाट र बालमैत्री धारा | ६० हजार |
| १७ | श्री सरस्वती प्रावि | ५ | घेराबारा आवश्यक | २ लाख |
| १८ | श्री उज्जल प्रावि | ५ | घेराबारा | ४५ हजार |
| १९ | श्री हेमकर्ण आवि | २ | घेराबारा | ५० हजार |
| २० | श्री आधारभूत शिक्षा प्रावि | ५ | घेराबारा र खानेपानी | १ लाख ६० हजार |
| २१ | श्री बालज्योती प्रावि | ६ | घेराबारा | १ लाख ५० हजार |
| २२ | कालिदेवि प्रावि, छ्याप | २ | घेराबारा | १ लाख |
| २३ | भानु मा.वि. | ३ | भुंइखाट | ४५ हजार |
| २४ | कालिदेवि प्रावि | ३ | घेराबारा, भुंइखाट | ५० हजार |
| २५ | मञ्जुश्री प्रावि | ५ | भुइँखाट | ४५ हजार |
| | | | जम्मा | २१ लाख |

**१२. विविध**

विविधका सन्दर्भमा देहाय बमोजिम निर्णय गरियो ।

विदुर हुमागाई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner